## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : ११ | मिति : २०७९/०८/२८

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७९/०८/२९


### स्वरोजगारका लागि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७९

**प्रस्तावना :** चौरजहारी नगरपालिकाबाट कृषि सहकारी, समूह र फर्ममार्फत् कृषि र पशुपालन क्षेत्रमा स्वरोजगार सिर्जना गरी उत्पादकत्व वृद्धि एवम् गरिवी निवारणको लागि उपलब्ध गराउने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

चौरजहारी नगरपालिकाको प्रशासनिक कार्य व्यस्थित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम चौरजहारी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम ‘स्वरोजगारी सिर्जनाका लागि कृषि र पशुपालन व्यवसाय प्रवर्धनका लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

चौरजहारी नगरपालिका

(क) 'अनुदान' भन्नाले चौरजहारी नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र औद्योगीकरण तथा भूमि व्यवस्था, सहकारी प्रवर्धन र गरिवी निवारणका लागि छनोट भएका अनुदानग्राहीलाई दिइने आर्थिक सहायता, कृषि सामग्री, उपकरण लगायतका वस्तुगत सहायता वा पूर्वाधार विकासका लागि उपलब्ध गराइने रकम सम्झनुपर्छ।

(ख) अनुदानग्राही भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि कार्य गर्ने नीजि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, कृषि व्यवसायी सम्झनुपर्छ।

(ग) कार्यक्रम भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि विकास सम्बन्धी क्रियाकलाप (बाली/पशुपंक्षी/ मत्स्य/ सहकारी विकास/ कृषि विकासका लागि भूमिसम्बन्धी कार्यक्रम / सहकारी प्रवर्धन र गरिवी निवारणका कार्यक्रम सम्झनुपर्छ।

(घ) कार्यालय भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ङ) कृषि भन्नाले बाली, बागबानी, पशुपंक्षी, मत्स्य आदि कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग एवम् व्यवसाय सम्झनुपर्छ।

(च) कृषि सामग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, मत्स्य बिज, सिमेल, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधी तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, तरल नाइट्रोजन, पोषक तथा सुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनुपर्छ।

(छ) लक्षित वर्ग भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिनासम्मलाई मात्र खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित जनजाति, महिला, एकल महिला, फरक क्षमता भएका व्यक्ति, लोपोन्मुख जातजाति तथा द्वन्द्व पीडित व्यक्ति सम्झनुपर्छ।

(ज) सन्दर्भ मूल्य भन्नाले कृषक आफैंले खरिद गरेका उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाले निर्धारण गरेको मूल्य सम्झनुपर्छ।

**३. अनुदान उपलब्ध गराउन सक्ने :** (१) चौरजहारी नगरपालिकाको वार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

चौरजहारी नगरपालिका

(२) उपदफा (१) बमोजिम अनुदान देहायबमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछ:

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रम,

(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम।

(३) उपदफा (२) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम दफा २ बमोजिम हुनेछन्। त्यस्ता कार्यक्रम सञ्चालनको मापदण्ड अनुसूची १ बमोजिम हुनेछ।

(४) हरेक आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरूको वार्षिक विकास कार्यक्रम तयारीको लागि अनुसूची १ को वार्षिक योजना तर्जुमा तथा छनोट विधिबमोजिम गरिनेछ।

**४. सूचना प्रकाशन गर्नुपर्ने :** (१) कार्यालयको दफा ३ बमोजिम अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि अनुदानग्राहीबाट अनुसूची – २ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्न चाहने कृषक, कृषक समूह, कृषि सहकारी कृषि फर्म तथा कृषि कम्पनीहरूले तोकिएको ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ।

(३) सहकारी संस्थालाई अनुदानको लागि छनोट गर्दा सहकारी मापदण्ड अनुसार हुनेछ।

(४) प्रस्ताव छनोटका लागि कार्यालयले प्राविधिक मूल्याङ्कन समिति गठन गरी स्वीकृत मापदण्डअनुसार मूल्याङ्कन गरिनेछ।

**५. प्राविधिक मूल्याङ्कन समिति** : (१) दफा ४ को उपदफा (२) बमोजिम पेस भएका प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन गरी सिफारिस गर्न नगर कार्यपालिकाको कार्यालयमा देहायबमोजिमको एक प्राविधिक मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ :

(क) आर्थिक विकास शाखा प्रमुख – संयोजक

(ख) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ग) योजना शाखा प्रमुख – सदस्य

(घ) पशु सेवा केन्द्रको प्रमुख – सदस्य

(ङ) कृषि सेवा केन्द्र प्रमुख – सदस्य सचिव

(२) प्राविधिक मूल्याङ्कन समितिको बैठकमा आवश्यकतानुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) प्राविधिक मूल्याङ्कन समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

**६. प्रस्ताव छनोट समिति :** (१) प्राविधिक मूल्याङ्कन समितिले सिफारिस गरेका प्रस्तावहरूको अन्तिम छनोटको लागि देहायबमोजिमको एक प्रस्ताव छनोट समिति गठन गर्नुपर्नेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) योजना शाखा प्रमुख – सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(ङ) आर्थिक विकास शाखा प्रमुख – सदस्य सचिव

**७. अनुदान रकमको सीमा र क्षेत्र :** (१) कृषक समूह वा सहकारी वा निजी फर्म वा कृषि उद्यमीहरूलाई कार्यक्रम विशेषमा तोकिएको वा यस कार्यविधिमा तोकिएको सीमामा अनुदान प्रदान गर्नुपर्नेछ।

(२) आयातित तथा आन्तरिक फलफूलको विरुवा, सघन फलफूल बगैंचा, डाले घाँस, आयतित पशु नश्ल, विशिष्ट जातका पशुपंक्षी, माछाको भुरा लगायतका उत्पादन सामग्रीमा सन्दर्भ मूल्यको पचहत्तर प्रतिशतसम्म सहुलियत उपलब्ध गराउन सकिनेछ।

(३) सामुदायिक प्रयोगमा आउने गरी सञ्चालन गर्ने साना सिंचाइ, उपभोक्ता समितिमार्फत् सञ्चालन हुने स-साना कृषि तथा पशुपंक्षी एवम् पशुजन्य उत्पादन् सङ्कलन केन्द्र तथा प्रदेशस्तरका बजार पूर्वाधार, प्रयोगशाला निर्माण लगायतका अन्य पूर्वाधारमा पचासी प्रतिशतसम्म सहुलियत उपलब्ध हुनेछ।

(४) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

(५) अति गरिब तथा विपन्न लक्षित र बहिष्करणमा परेका समुदाय (बादी र अन्य बहिष्करणमा परेका समुदाय) लक्षित कार्यक्रममा शत प्रतिशत अनुदानको व्यवस्था हुनेछ।

(६) कृषि तथा पशुपंक्षी उत्पादन, पालन तथा व्यवसाय प्रवर्धनका लागि उपलब्ध गराइने अनुदानमा कृषि तथा पशुपंक्षीजन्य उत्पादन सामग्री जस्तै बेर्ना, नश्ल, बिउ, भूरा, पशुपंक्षी आदिको लागि बाली उत्पादन सामग्रीहरूको सन्दर्भ मूल्य र पशुपंक्षीपालनको लागि सन्दर्भ मूल्यलाई आधार मानि कार्यक्रम सञ्चालन गरिनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट अनुसार हुनेछ।

(७) कार्यक्रमको लागत अनुमान तयार गर्दा मल, बिउ, सामग्री खरिद, ज्याला, निर्माण कार्य, ढुवानी आदि कार्यमा स्थानीय दररेटलाई आधार मानेर गर्नुपर्नेछ।

(८) अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति इकाइ मूल्य सूचना माग गरी कम्तिमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरूप सबैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ। अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये आफूले चाहेको ब्राण्डको आपूर्तिकर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने कार्यालयले निर्धारण गरेको भन्दा बढी दिइने छैन। अनुदान बाहेकको रकम निजले छनौट गरेको आपूर्तिकर्ताको खातामा जम्मा गरी सामानको आपूर्तिपछि मात्र कार्यालयले अनुदानको रकम सम्बन्धित आपूर्तिकर्ताको बैङ्क खातामा उपलब्ध गराउनेछ।

(९) जिन्सी सामान / उपकरण / मेसिनरी / कृषि सामग्री / पशुधन लगायतका खरिदको हकमा खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ। सम्झौता बमोजिम अनुदानग्राहीले खरिद गर्नुपर्ने हकमा समेत प्रचलित कानुन बमोजिम खरिद प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

**८. बीमा गर्नुपर्ने :** (१) यस कार्यविविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नुपर्नेछ।

(२) व्यवसायिक रूपमा सञ्चालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म / भौतिक पूर्वाधारको समेत बीमा गर्नुपर्नेछ।

(३) बीमालेख नभएका कृषि व्यवसाय तथा पूर्वाधारमा बीमा गर्न अनिवार्य हुने छैन। तर त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनुपर्नेछ।

गोलन्जर गाउँपालिका

**९. अनुदान रकमको सीमा र क्षेत्र :** (१) कृषक समूह वा सहकारी वा निजी फर्म वा कृषि उद्यमीहरूलाई कार्यक्रम विशेषमा तोकिएको वा यस कार्यविधिमा तोकिएको सीमामा अनुदान प्रदान गर्नुपर्नेछ।

(२) आयातित तथा आन्तरिक फलफूलको बिरुवा, सघन फलफूल बगैंचा, डाले घाँस, आयातित पशु नश्ल, विशिष्ट जातका पशुपंक्षी, माछाको भुरा लगायतका उत्पादन सामग्रीमा सन्दर्भ मूल्यको पचहत्तर प्रतिशतसम्म सहुलियत उपलब्ध गराउन सकिनेछ।

(३) सामुदायिक प्रयोगमा आउने गरी सञ्चालन गर्ने साना सिंचाइ, उपभोक्ता समितिमार्फत् सञ्चालन हुने स-साना कृषि तथा पशुपंक्षी एवम् पशुजन्य उत्पादन सङ्कलन केन्द्र तथा प्रदेशस्तरका बजार पूर्वाधार, प्रयोगशाला निर्माण लगायतका अन्य पूर्वाधारमा पचासी प्रतिशतसम्म सहुलियत उपलब्ध हुनेछ।

(४) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता बमोजिम हुनेछ।

(५) अति गरिब तथा विपन्न लक्षित र बहिष्करणमा परेका समुदाय (बादी र अन्य बहिष्करणमा परेका समुदाय) लक्षित कार्यक्रममा शत प्रतिशत अनुदानको व्यवस्था हुनेछ।

(६) कृषि तथा पशुपंक्षी उत्पादन, पालन तथा व्यवसाय प्रवर्धनका लागि उपलब्ध गराइने अनुदानमा कृषि तथा पशुपंक्षीजन्य उत्पादन सामग्री जस्तै बेर्ना, नश्ल, बिउ, भूरा, पशुपंक्षी आदिको लागि कृषि बाली उत्पादन सामग्रीहरूको सन्दर्भ मूल्य र पशुपंक्षी पालनको लागि सन्दर्भ मूल्यलाई आधार मानि कार्यक्रम सञ्चालन गर्न सकिनेछ र ढुवानीको हकमा स्थानीय दररेटअनुसार हुनेछ।

(७) कार्यक्रमको लागत अनुमान तयार गर्दा मल, बिउ, सामग्री खरिद, ज्याला, निर्माण कार्य, ढुवानी आदि कार्यमा स्थानीय दररेटलाई आधार मानेर गर्नुपर्नेछ।

(८) समूह सहकारी तथा निजी फर्महरूसँग कार्यक्रम सञ्चालन गर्दा प्रस्तावित लागत अनुमानलाई विश्लेषण गरी यथार्थपरक लागत अनुमान तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

१०. **सार्वजनिक सुनाइ र विवरण प्रकाशन गर्नुपर्ने :** (१) कार्यक्रमको पारदर्शिताको लागि सार्वजनिक सुनवाइ गर्नुपर्नेछ।

(२) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले जानकारीमूलक होडिङबोर्ड राख्नुपर्नेछ।

कोरहरी नगरपालिका

११. **असुल उपर र कारबाही :** (१) यस कार्यविधिबमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस) पेस गरेमा मनासिव लागेमा मिनाह गर्न सकिनेछ।

**१२. दोहोरो सुविधा लिन नपाउने :** (१) अनुदानग्राहीले एउटै कामको लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भइ लागत इस्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन। अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिइनेछ।

**१३. सम्झौता बमोजिम हुने :** (१) चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पूर्व स्वीकृत बगेर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तिमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ।

(३) सम्झौतामा तोकिएबमोजिमको न्यूनतम अवधिसम्म कार्यक्रम सञ्चालन नगर्ने अनुदानग्राहीबाट ५० प्रतिशतले हुन आउने रकम असुलउपर गरिनेछ।

**१४. पुरस्कृत गर्न सकिने :** सम्झौतामा तोकिएको समयभन्दा अगाडि निर्धारित मापदण्ड तथा गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ।

**१५. व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्ने :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै विषयको व्याख्या तथा बाधा अड्काउ परेमा कार्यविधिको उद्देश्य विपरीत नहुने गरी नगर कार्यपालिकाको कार्यालयले व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

चौरजहारी नगरपालिका

अनुसूची - १

(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

**विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम**

| क्र. स. | आर्थिक अनुदान प्रवाह गरिने क्षेत्रहरू |
|---|---|
| १ | कृषि तथा पशु उत्पादन नमुना वडा स्थापना, सञ्चालन र व्यवस्थापन |
| २ | कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रम |
| ३ | कृषिजन्य उत्पादनमा आधारित अनुदान कार्यक्रम |
| ४ | व्यवसायीक तरकारी खेती, ठूला ग्रीन नेट हाउसमा सहुलियत कार्यक्रम |
| ५ | कृषिमा आधारित साना उद्योग स्थापना तथा सञ्चालन |
| ६ | कृषि व्यवसाय प्रवर्धन कार्यक्रम |
| ७ | व्यवसायीक फलफूल खेती प्रवर्धन कार्यक्रम |
| ८ | विभिन्न जातका पंक्षीपालन प्रवर्धन कार्यक्रम |
| ९ | व्यवसायीक कृषक प्रोत्साहन कार्यक्रम |
| १० | कृषि मेला महोत्सव प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन |
| ११ | प्रविधि प्रसार तथा पढ्दै कमाउदै कार्यक्रम |
| १२ | कृषि सिंचाइ निर्माण / मर्मत तथा सम्भार कार्यक्रम |
| १३ | चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम |
| १४ | मासु पसल पशु बधशाला स्थापना तथा सञ्चालन |
| १५ | नर्सरी स्थापना, विस्तार र सुदृढीकरण |
| १६ | ब्लकमा पशुपंक्षी उत्पादन कार्यक्रम |

भौरहवी गाउँपालिका

अनुसूची – २

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को आर्थिक वर्ष .............को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी तथा निजी फर्म व्यवसायीहरूले सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन अर्थात् मिति........... कार्यालय समयभित्र चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव

३. गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन फोटोकपी

४. गत आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणको फोटोकपी

५. जग्गाको क्षेत्रफल र स्वामित्त्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि

६. प्रतिवद्धापत्र

चौरजहारी नगरपालिका

अनुसूची - ३

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मिति :

**विषय : अनुदान उपलब्ध गराइदिनु हुन ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम) ।

उपर्युक्त विषयमा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति ……….. मा प्रकाशित सूचनाअनुसार सञ्चालन हुन लागेको …………. कार्यक्रममा म / हामी ………………………. समूह / सहकारी / कृषि फर्म / कृषि कम्पनी समावेश हुन इच्छुक छु / छौं । उक्त कार्यक्रम सञ्चालनको लागि तपसिल अनुसारको विवरणमा छुट्टै प्रस्ताव तयार गरी अनुदान उपलब्ध गराइदिनु हुन यसै निवेदन साथ संलग्न गरी पेस गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

अनुदानग्राहीको नाम :

ठेगाना :

कार्यक्रमको नाम :

कार्यक्रमको उद्देश्य :

अनुदान रकम आवश्यक पर्नुको कारण :

कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागत :

कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम सञ्चालन गर्ने कार्य योजना :

कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या :

**निवेदक**

कृषक समूह / कृषि सहकारी संस्था / कृषि फार्म / उद्यमी कृषकको

नामथर :

पद:

सम्पर्क नं. :

मिति :

संस्थाको छाप :

चौरजहारी नगरपालिका

आज्ञाले,<br>
शेरप्रसाद ढकाल<br>
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका